नेपाल सरकार

गृह मन्त्रालय

# नेपाल हज समितिको सचिवालयको सूचना !

२०७६ साल (सन् २०१९) मा साउदी अरबको मक्का-मदिनामा हज गर्न जान चाहने ईच्छुक नेपाली मुसलमानहरुले देहाय अनुसारका कागजातहरु संलग्न राखी मिति २०७५साल पुष ०२ गते देखि २०७५ साल पुष २३ गते सम्म सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरुमा रितपूर्वकको आवेदन फारम पेश गर्न नेपाल हज समितिको मिति २०७५/०८/२८ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । समयमै सम्बन्धि जिल्ला प्रशासन कार्यालयहरु मार्फत अनिवार्य रुपमा राहदानी (MRP) सहित देहाय बमोजिमका काजातहरु साथ राखी आवेदन पेश गर्नुहुन जानकारी गराइएको छ। साथै गत बर्ष सन् २०१८ मा हज गर्न जान नपाएका हजयात्रीहरुलाई प्राथमिकतामा राखी बाँकी आवेदकहरु मध्ये पहिले आवेदन गर्ने व्यक्तिहरुलाई दोस्रो प्राथमिकता दिइने व्यहोरा समेत यसै सुचनाद्वारा जानकारी गराइएको छ ।

आवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरु:

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि — १
२. सक्कलै राहदानी (MRP) – १
३. राहदानी (MRP) को प्रतिलिपि-१( राहदानी बाहकको पूर्ण बिबरणः नाम, ठेगाना, जन्म मिति, लिङ्ग(महिला/पुरुष) तथा कार्यालयको छाप र हस्ताक्षर ठीक भए नभएको एकिन भएको)
४. हवाई टिकट र साउदी अरबमा लाग्ने घर भाडा, परिवहन खर्च, मौल्लिम दस्तुर र यस वर्ष देखि खाना खर्च (नास्ता बाहेक) समेत एकिन भएपछि थप रकम पुनः दाखिला गर्ने गरि हाललाई राष्ट्रिय वाणिज्य बैंक सिंहदरवार शाखामा रहेको नेपाल हज समिति चल्ती खाता नं. ११३००००३९६०१ मा अथवा सनराईज बैंक पुतालिसडक शाखामा रहेको नेपाल हज समितिको चल्ती खता नं. ०२२०५२०६१२६० १००१ मा जम्मा हुने गरी राष्ट्रिय वाणिज्य बैंकको तथा सनराईज बैंकको कुनै पनी शाखाबाट रु १,२५,०००/-( एक लाख पच्चीस हजार मात्र ) जम्मा गरी जम्मा गर्ने व्यक्ति (आवेदन) को नाम उल्लेख गरेको सक्कलै भौचर -१
५. हालसालै खिचिएको पासपोर्ट साइजको फोटो ३ प्रति र अटो साइजको फोटो २ प्रति (प्रत्येक फोटो पछाडी नउड्ने मसिले नाम र ठेगाना स्पष्ट उल्लेख हुनुपर्ने)

६. महिला आवेदनको हकमा निजको साथमा मुस्लिम परम्परा अनुसार मेहरम भै हज गर्न जाने निजका (पति, बुवा, दाजु, भाई, छोरा वा छोरी ज्वाई मध्ये कुनै एकसँग) नाता खुल्ने कागजात र राहदानीको प्रतिलिपि समेत -१

७. राहदानी (MRP) नबनाईएका व्यक्तिहरुले जिल्ला प्रशासन कार्यालयमा समयमै सम्पर्क गरी राहदानी (MRP) बनाई निवेदन पेश गर्नुपर्नेछ । जिल्ला प्रशासन कार्यालयहरुले पनि हजयात्रीहरुको राहदानी बनाउन प्राथमिकता दिई सहयोग गरि दिनुपर्ने छ।

८. ३ वर्ष भित्र हज गर्न नगएको व्यक्ति हुनु पर्ने ।

९. ७५ वर्ष भन्दा माथिको व्यक्ति आवेदक भएमा निजको साथमा १ जना सहयोगी व्यक्ति राखुपर्ने (अशक्त र रोगी भएको व्यक्ति नहुनु पर्ने) ।

पुनश्च: गत वर्ष हज यात्रा गर्न जान नपाएका ५४४ जना हाजीहरुले सन् २०१९ मा हज गर्न चाहेमा निजले रकम फिर्ता नलिएको खण्डमा एक प्रति फारम, भौचरको प्रतिलिपि र २ प्रति फोटोका साथ आफु हज गर्न जान चाहने व्यहोरा उल्लेख गरिएको निवेदन संगलन राखि जिल्ला प्रशासन कार्यालयमा पुनः आवेदन गर्नुपर्ने छ । पुनः निवेदन नदिएका व्यक्तिलाई हजयात्रामा समावेश नगरिने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।साथै गत वर्ष रु १,००,०००/-(रु एक लाख मात्र)जम्मा गरेको आवेदकहरुले थप रु २५,०००/-(रु पच्चीस हजार मात्र )जम्मा गरी सक्कल भौचार निवेदनसाथ पठाउनु पर्ने छ ।

फोन नं. ०१- ४२२३८८५
01- 4223885

नेपाल सरकार
# गृह मन्त्रालय
# नेपाल हज समितिको सचिवालय

पत्र संख्याः- ०७५/०७६
चलानी नं.:- १००

सिंहदरवार
काठमाण्डौ, नेपाल ।

मिति २०७५/०९/०१

विषयः हज आवेदन सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,
सबै ।

वि.स. २०७६ (सन् २०१९) मा साउदी अरबको मक्का - मदिनामा हज गर्न जान चाहने इच्छुक नेपाली मुसलमानहरुले सक्कल राहदानी समेत राखी २०७५ साल पौष २३ गते भित्र सम्बन्धित जिल्ला प्रशासन कार्यालय मार्फत आवेदन पेश गर्ने सम्बन्ध सूचना यस समितिको २०७५/०८/२८ को निर्णयानुसार मिति २०७५/०९/०२ गते गोरखापत्र दैनिकमा प्रकाशित गरिएको छ। हज आवेदकहरुले भर्नु पर्ने आवेदक फारम यसैसाथ संलग्न छ ।

हज गर्न जाने चाहने इच्छुक व्यक्तिहरुका लागि नेपाल हज समितिबाट प्रकाशित आवेदन भरी बुझाउन गरिएको सूचनाको जानकारी स्थानीय मुस्लिमसंग सम्बन्धित संघसंस्था तथा ती संघसंस्थाहरुका प्रतिनिधिहरुलाई समेत संलग्न गराई सूचनाको प्रचारप्रसार कार्यमा समेत सहयोग गरिदिनु हुन अनुरोध छ । उक्त फारम हजयात्राका लागि जान इच्छुक व्यक्तिहरुलाई उपलब्ध गराई सूचनामा उल्लेखित कागजात सहितका आवेदन फारम मिति २०७५/०९/२३ गतेसम्म बुझि उक्त फारम मिति २०७५/१०/०३ गतेसम्म नेपाल हज समितिको सचिवालयमा आइपुग्ने गरी पटाइदिनु हुन अनुरोध छ ।

साथै हजका लागि आवेदन बुझिलिएका जिल्ला प्रशासन कार्यालयहरुले हज सम्बन्धी कार्य गर्नका लागि त्यस कार्यालयको कुनै एक जिम्मेवार कर्मचारीलाई तोकि निजको नाम र मोबाईल नम्बर र समेत यस समितिमा उपलब्ध गराई दिनुहुन अनुरोध छ ।

२०७५/९/१
सूर्य बहादुर खत्री
(सदस्य सचिव)

फोन नं.: ०१-४२११२३५, इमेल: nepalhaj@gmail.com

फोटो

# हजयात्राको दरखास्त फाराम

(फाराममा भएको सम्पूर्ण विवरण नछुट्ने गरी स्पष्टसँग उल्लेख गर्नु होला)

श्रीमान् अध्यक्ष ज्यू,
नेपाल हज समिति, काठमाडौं
मार्फत - जिल्ला प्रशासन कार्यालय

.............................................

वि.सं. २०७६ साल (सन् २०१९) मा साउदी अरबको मक्का-मदिनामा हज गर्न जान मेरो इच्छा भएकोले त्यस समितिबाट प्रकाशित सूचना अनुसार हाल बुझाउनु पर्ने रू. १,२५,०००।- (एक लाख पच्चिस हजार मात्र) दाखिला गरी यो निवेदन पेश गरेको छु। वि.सं. २०७५ (सन् २०१८) मा हज गर्न हज समितिमा रकम जम्मा गरी जान नपाएका व्यक्ति ५४४ जना रहेको जानकारी पाए। हजयात्रामा जान छनौटमा परेमा हज समितिले थप बुझाउनु पर्ने भनि एकिन गरेको रकम सूचना प्राप्त हुनासाथ जम्मा गर्नेछु। हज यात्रीहरुको छनौट प्रक्रिया र हज यात्रा सम्बन्धमा हज समितिले गर्ने निर्णय र निर्देशनहरु प्रति मेरो मन्जुरी हुनेछ।

१. निवेदकको नाम, थर (देवनागरी र अंग्रेजी ठूलो अक्षरमा)

नाम :- श्रीमान्/श्रीमती/सुश्री : ..............................................................................

NAME (In Capital Letter) Mr/Mrs/Miss : ..............................................................................

नागरिकता नं. : ..................... जिल्ला : .............................. जारी मिति : .........................

राहदानी नं. : ....................जारी गर्ने कार्यालय : ....................जारी मिति :........................

वैवाहिक स्थिति : विवाहित ☐ अविवाहित ☐ लिङ्ग :- पुरुष ☐ महिला ☐

२. जन्म मिति (अङ्कमा लेख्नु होला)

विक्रम सम्वत् :- साल : ................ महिना : ............ गते : ......... उमेर : वर्षमा : ...........

इस्वी सन् :- साल : ....................महिना : ........... गते : ..........

३. स्थायी ठेगाना :- जिल्ला : ............ न.पा./गा.वि.स. : ............. वार्ड नं. :... टोल........................

४. निवेदकको हुलिया :- आँखाको रङ्ग : .......................... केशको रङ्ग : ............ वर्ण : ................

अपाङ्गता भएमा सोको अवस्था : ..............................................................................

५. पेशा : ............................

६. निवेदकको बाबुको नाम, थर :........................................... ठेगाना : ......................................

७. निवेदकको आमाको नाम, थर : ...........................................ठेगाना : ......................................

८. पति/पत्नी/अभिभावकको नाम, थर : ..................................ठेगाना : ......................................

९. निवेदक महिला भए साथमा जाने मेहरमको नाम, थर : ..........................................................................

ठेगाना : ........................ नाता : .........राहदानी नं. : ...........................सम्पर्क नं. : ..................

१०. पहिला हज गर्न गएको/नगएको : .................. गएको भए साल खुलाउने : .............................

नोट : वि.सं. २०७५ मा हज यात्रा गर्न जान नपाएका ५४४ जना निवेदकहरुले वि.स.२०७६ (सन् २०१९) मा हज गर्न जान चाहेमा निजले रकम फिर्ता नलिएको खण्डमा एक प्रति फाराम १ प्रति भौचरको प्रतिलिपि र २ प्रति फोटोका साथ निवेदन संलग्न राखी जिल्ला प्रशासन कार्यालयमा पुनः आवेदन गर्नुपर्नेछ । निवेदन नदिएमा हजयात्रामा समावेश गरिने छैन ।

११ निवेदन सम्बन्धमा विदेशमा कुनै जरुरी कुरा पर्न गएमा नेपाल खबर पर्नु पर्ने व्यक्ति

नाम, थर : (नेपालीमा) ..........................................................................................

NAME (In Capital Letter)

ठेगाना : ................................................ नाता : ............... सम्पर्क नं. : ..........................

१२. निवेदको उमेर ७० वर्ष भन्दा माथि भएमा साथमा जाने सहयोगी व्यक्ति :-

नाम, थर : (नेपालीमा) ..........................................................................................

NAME (In Capital Letter) ..........................................................................................

ठेगाना : ........................... नाता : ............ सम्पर्क नं. : .....................राहदानी नं...................

१३. आवेदन साथ संलग्न राख्नुपर्ने आवश्यक कागजात :-

(क) रू.१,२५,०००। (एक लाख पच्चिस हजार मात्र) दाखिला गरेको सक्कल बैंक भौचर ।

(ख) सक्कल राहदानी ।

(ग) नेपाली नागरिकताको प्रमाण-पत्रको फोटोकपी ।

(घ) मेहरमसँगको नाता खुल्ने कागज र मेहरमको राहदानीको फोटोकपी ।

(ङ) हालसालै खिचेको अटो साइजको फोटो २ प्रति र पासपोर्ट साइजको ३ प्रति ।

१४. ३ वर्ष भित्र हज गर्न नगएको व्यक्ति हुनु पर्ने ।

१५. ७५ वर्ष भन्दा माथिको व्यक्ति आवेदक भएका निजको साथमा १ जना सहयोगी व्यक्ति राख्नु पर्ने अशक्त र दिर्घकालिन रोगी भएको व्यक्ति नहुनु पर्ने ।

१६. म निम्न बुँदाहरु पालना गर्न प्रतिबद्ध रहनेछु :

क) इस्लाम धर्म अनुसार हजयात्रा गर्न मञ्जुर गर्दछु ।

ख) हजको अर्कान (नियम) र व्यवहारिक कुराबारे सचेतना लिएको छु/लिनेछु ।

ग) काठमाडौंमा रहँदा हज समितिको व्यवस्था अनुसार अनुशासित भई बस्ने, खाने, खोप लगाउने, भिसा लागेको राहदानी लिने, हवाई टिकट लिने र आवश्यक विदेशी मुद्रा सटहि गरी यात्रा गर्नेछु ।
घ) नेपाल र साउदी अरबको प्रचलित नियम कानूनको परिपालन गर्नेछु ।
ङ) हजयात्रा क्रममा हवाई जहाजमा आउँदा जाँदा एयरलायन्सको नियम मान्नेछु ।
च) मक्का मदिनामा हज समितिको व्यवस्था अनुसार कुनै असुविधा आएमा सकेसम्म आफै समाधान गर्न कोशीस गर्नेछु, यदि नसकेमा सम्बन्धित निकायमा पहिले जानकारी गराउनेछु ।
छ) हजयात्रामा रहँदा मक्का, मिना, अरफात, मुज्दलफा र मदिनामा खानाको व्यवस्था आफैं गर्नेछु ।
ज) हजयात्राको क्रममा मिना र अरफातमा रहँदा मोअल्लीमको व्यवस्था अनुसार चल्नेछु ।
झ) हजयात्राको अवधिभर कुनै असामाजिक र अमर्यादित क्रियाकलाप गर्ने छैन, गरेमा हज समितिले गरेको निर्णय मान्न तयार छु ।

**१७. माथि लेखिएको विवरण सबै साचो हो, झुठा ठहरे कानून बमोजिम सहुँला बुझाँउला भनी सहिछाप गर्ने :-**

| औंठा छाप | |
|---|---|
| | |
| दाँया | बाँया |

निवेदक

नाम, थर :-..................................................

हस्ताक्षर :- ..................................................

ठेगाना :-.......................................................

सम्पर्क फोन नं. :- ........................................

मिति : २०७५ ०९

नोट: हजयात्राको फर्म बुझाउने अन्तिम मिति २०७५ पुष २३ गतेसम्म रहेको छ ।